# आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रम

छैंठौ नगरसभा
रंगेली नगरपालिका
रंगेली मोरङ
प्रदेश नं १, नेपाल
मितिः २०७९/०३/१०

**यस सम्मानित नगरसभामा उपस्थित सम्पूर्ण सदस्यज्यूहरु तथा उपस्थित अन्य महानुभावहरु,**

**आजको गरिमामय छैटौं नगरसभाको पहिलो बैठकमा आगामी आ. व. २०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा अत्यन्तै खुशी लागेको छ।**

१ नेपालको संविधान बमोजिम स्थानीय तहको दोस्रो निर्वाचन भर्खरै सम्पन्न भएको छ।हामी जनप्रतिनिधीहरुले भर्खरै पदभार ग्रहण गरेका छौं।यस सभामा उपस्थित हुनु भएका नव निर्वाचित नगरसभाका सम्पूर्ण सदस्यहरुलाई बधाई तथा पाँच बर्षे कार्यकालको सफलताको शुभकामना समेत दिन चाहन्छु तथा उपस्थित सम्पूर्णलाई हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु।निर्वाचन सफलतापूर्वक सम्पन्न गराउनुहुने निर्वाचन आयोग, मतदान केन्द्रमा खटिने कर्मचारीहरु, सुरक्षाकर्मी तथा सम्पूर्ण मतदाताहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

२. समय समयमा देशको परिवर्तनको लागि जीवन वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु।

३. आधारभुत सेवा सुविधाहरु जनताका नजिकका निकायहरुबाट प्रबाह गर्दा नै बढि प्रभावकारी हुन्छ भन्ने विकेन्द्रीकरण सम्बन्धि सिद्धान्तको परिस्कृत एवम् परिमार्जित रुप अन्तरगत स्थानीय सरकारको अभ्यास स्वरुप रंगेली नगरपालिकाले लिनु पर्ने नीति तथा कार्यक्रम तयार गरी नगरको सर्वाङ्गिण विकासका लागि जुटिरहेका छौं।

४. निर्वाचन हुँदाका बखत हामी निर्वाचित जनप्रतिनिधिहरुले आफ्नो नगरपालिकाको समग्र विकासका लागि जनतासँग गरेका प्रतिबद्धताहरुलाई कार्य रुपमा ल्याउन हामीसँग उपलब्ध सीमित श्रोत, साधन, दक्ष जनशक्तिको अभाव, व्यबस्थापनका अप्ठ्याराहरुमा देखिएका जटिलताका कारण हाम्रा लागि धेरै चुनौतीहरु रहेता पनि नगरवासीसँग गरेको बचनबद्धता प्रति हामी सदैव प्रतिबद्ध रहने छौं भन्ने विश्वास दिलाउन चाहन्छौं ।

५. दक्षिणमा भारतीय सीमानासँग जोडिएको यो नगरपालिका क्षेत्र गर्मीमा अति गर्मी तथा हिउँदमा शीतलहर चल्ने तथा बर्षातको समयमा चिसाङ, बक्राहा लोहन्द्रा डाँस जस्ता ठुला खोलाहरुबाट बाढीको जोखिम हुने क्षेत्र समेत हो। बाढीको जोखिम र कटान कम गर्न संघीय र प्रदेश सरकार सँग समन्वय गरी नदी नियन्त्रणका लागि तारजाली र तटबन्ध निर्माण गरिने छ ।

६. नगरपालिकामा मौलिक परम्परा, सांस्कृतिक, सामाजिक, धार्मिक पक्षलाई संरक्षण प्रवर्द्धन गर्दै अगाडि बढ्नुपर्ने रहेकोले भाषा र संस्कृति संरक्षण नीति अपनाइनेछ ।

७. कोरोना भाइरसको महामारीबाट आक्रान्त बनेको व्यक्ति तथा समाजको अवस्था बिस्तारै सामान्य अवस्थामा फर्कदैछ। अर्थतन्त्रले क्रमशः लय समात्दै छ। अझ पनि चुनौतीहरु छन यस्ता चुनौतीलाई अवसरमा बदल्दै जनताका आवश्यकता र चाहनालाई संस्थागत गर्दै प्राथमिकताका आधारमा सबैको साथ सहयोगले पुरा गर्दै जाने नीति लिइनेछ।

**आदरणीय सदस्य ज्यूहरु,**

अव म रंगेली नगरपालिकाले आ.ब. २०७९।०८० को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु निम्न बमोजिम प्रस्तुत गर्दछुः

- नेपालको संविधानका प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु,
- संघीय तथा प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु, बजेट तथा कार्यक्रमहरु,
- स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा दिग्दर्शन, २०७४(परिमार्जित)
- स्थानीय आर्थिक कार्य प्रणाली एवम् संविधान बमोजिमका एकल तथा साझा अधिकार सूचि,
- स्थानीय तहले योजना बनाई तय गरेका प्राथमिकताहरु,
- स्थानीय सरकार संचालन ऐन २०७४ तथा अन्य स्थानीय तहमा संचालन सम्बन्धी ऐन, नियमावलीका प्रावधानहरु,
- विकासका समसामयिक मुद्दाहरु, दीगो विकास सम्बन्धि नीति, जलवायु परिवर्तन र विपद् व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, बाल मैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिसामुक्त तथा पूर्ण सरसफाई लगायतका अन्य सम्बन्धित बिषयहरु,
- निर्वाचनको क्रममा जारी गरीएको निर्वाचन घोषणापत्रहरु,
- रगेली नगरपालिकाले आवश्यक ठानेका बिषयहरु तथा स्थानीय तहको वार्षिक योजना तथा वजेट तर्जुमा मार्गदर्शन २०७९
- विगत बर्षमा नगरपालिकाले तयार पारेका नीति, कार्यक्रम तथा योजनाहरु ।

अब म चालु आ.व को मिति २०७८ श्रावण १ देखि असार मसान्त सम्ममा सम्पन्न भएका योजना तथा कार्यक्रमहरुको वार्षिक प्रगति समिक्षा प्रस्तुत गर्दछु

1. चालु आ.व.को जम्मा विनियोजित बजेट रु.८५,४१,५३,१३१।–(पचासी करोड एकचालिस लाख त्रिपन्न हजार एक सय एकतीस)
2. पुँजीगत विनियोजनः-रु.३९,६८,५२,२३९।-(उनन्चालिस करोड अठ्सठ्ठी लाख बाउन्न हजार दुई सय उनन्चालिस)
3. चालु विनियोजन :-४५,७३,००,८९२।-(पैतालिस करोड त्रिहत्तर लाख आठ सय बयानब्बे)
4. राजस्व संकलन अनुमानः-३,१५,००,०००।(तीन करोड पन्ध्र लाख मात्र)असार मसान्त सम्म हुन सक्नेछ।

अब म चालु आ.व. ७८\७९ मा सम्पन्न भएका र हुने महत्वपुर्ण कार्यक्रम तथा योजनाको संक्षिप्त विवरण प्रस्तुत गर्दछु ।

- सडक कालो पत्रे गाभ्रेल तथा स्तरोनिति कार्य ३० कि.मि. सम्पन्न भएको छ ।
- १ कि.मि.नयाँ ट्र्याक खोल्ने कार्य सम्पन्न भएको छ ।
- वडा कार्यालयको भवन २ वटा निर्माण सम्पन्न र २ वटा निर्माणाधिन अवस्थामा रहेका छन् ।
- रंगेली अस्पताल अन्तर्गत ईमरजेन्सी भवन र पोस्टमार्टम गरि जम्मा २ वटा भवन निर्माण सम्पन्न भएका छन् भने OPD र Ward का लागी भवन निर्माणाधिन अवस्थामा रहेका छन् ।
- ४ वटा सामुदायिक भवन निर्माणधिन अवस्थामा रहेका छन् ।
- २० वटा मठ मन्दिर निर्माण सम्पन्न भएको छन् ।
- वविया विर्ता हटिया र आमगाछि हटिया निर्माण सम्पन्न भएको छ ।
- कृषि बजार भवन निर्माणाधिन अवस्थामा रहेको र आगामि २ वर्षमा सम्पन्न हुन सक्ने देखिएको छ
- २०० भन्दा बढी सिट क्षमता भएको सभाहलको (८०%)कार्य सम्पन्न गरिएको छ ।
- ६०० टन क्षमताको सित भण्डार( कोल्ड स्टोर) निर्माण भईरहेकोमा ६०% कार्य सम्पन्न गरिएको छ ।
- कयर खोला सहित न.पा.भित्र जम्मा १२ वटा कलभर्ट निर्माण सम्पन्न भएको छ ।

- उत्पादन र उत्पादकत्व वृद्दी गर्न उन्नत जातको धानको विऊ ७८,५२० के.जी. र घाँसको वीऊ वितरण गरिएको छ ।
- जमिन सिंचाई गरि उतपादकत्व बढाउन बोरिङ वितरण ,कुलो पैनि निर्माण तथा मर्मत गरिएको छ।
- ११६ थान मकै थ्रेसर र ११८ थान मकै रोप्ने मेसिन वास्तविक किसानलाई अनुदानमा उपलब्ध गराईएको छ ।
- गाई बाख्रा वास्तविक किसानलाई निश्चित प्रतिशत अनुदानामा वितरण गरिएको छ ।
- पशुपालक किसानलाई प्रतोसाहनका लागि कुट्टी काट्ने मेसिन अनुदानमा उपलब्ध गराईएको छ।
- कृषिको उत्पादन वृद्दी गर्न बाख्रा पकेट क्षेत्र तोकि प्रवर्धन गरिएको छ।
- अति गरिब दलित समुदाय लगायतका परिवारको जीवनयापनको सहजताका लागि सामग्राहीहरु, चौपाया, साधारण मेसिन तथा तालिम प्रदान गरिएको छ ।
- ५०किसानको वाली उपचार गरिएको छ । साथै १३० किसानालाई धानबाली, तोरीबाली सम्बन्धी तालिम दिईएको छ।
- जातिय उत्थानका लागि विभिन्न जातिको साँस्कृतिक पहिचानलाई महत्व दिई जातिय पोशाक वितरण र देवस्थल निर्माण मठ मन्दिर जीणोद्वार तथा मर्मत गरिएको छ।
- सामाजिक सुरक्षा भत्ता सहज र सरल रुपमा वितरण गर्न एक वडा एक बैंकको निति अवलम्वन गरि ७ वटा बैंकबाट सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ ।आगामी बर्ष यसलाई पूर्णता दिईने छ ।
- ५१६२जनाको नवीकरण ,२९९जनाको लगत कट्टा गरि कुल जम्मा ५५१०जनालाई सा.सु भत्ता वितरण गरिएको छ ।
- १४२६० घटना दर्ता (जन्म,मृत्यु,विबाह,बसाई-सराई र सम्बन्ध विच्छेद)भएको छ ।
- ४० हजार पुरानो घटना दर्ता किताब (ढडाहरु) लाई डिजिटाइजेसन (Digitization) गरिएको छ ।
- सबै वडामा हेल्थ पोस्ट निर्माण कार्य सम्पन्न भईसकेको छ ।
- ४०००० भन्दा बढीलाई कोभिड १९ विरुद्धको खोप कार्यक्रममा सामेल गरिएको छ ।
- ५-१२ वर्ष सम्मका बच्चाको खोप कार्यक्रमको शुरुवात गरिएको छ ।

- प्रत्येक वडाको टोल टोलमा २ वर्षमुनिका बालबालिकाको पोषण अवस्था पत्ता लगाई उपचार प्रक्रिया शुरु गरिएको छ ।
- मोबाईल हेल्थ मार्फत गर्भवती दर्ता जाँच र उपचार प्रकृया अघि बढाईएको र अपरेसन द्वारा प्रसुती सेवा सँचालन गरिएको छ ।
- रंगेली अस्पतालमा शव वाहन सेवा शुरुवात गरिएको छ ।
- विद्यालय स्वास्थ्य कार्यक्रम संचालन भएको छ ।
- रंगेली अस्पतालमा हाइड्रोशिल, हर्निया, एपेन्डिस जस्ता सर्जरी सेवा शुरुवात गरिएको छ ।
- रंगेली अस्पतालमा थाइरोइड परिक्षण सेवा संचालन गरिएको छ।
- रंजनी हेल्थपोस्टमा भिडियो एक्सरे शुरुवात गरिएको छ।
- सवै स्वास्थ्य संस्थामा कम्प्युटर सहित डिजिटाइजेसन गरिएको छ।
- अपाङ्गता रोकथाम,पुनर्स्थापना र उपचार कार्यक्रम मार्फत ९ जनालाई अपाङ्ग बाल अस्पताल बनेपा, ३ जनालाई वीरगंज र १ जनालाई विराटनगर लगि शल्यक्रिया मार्फत उपचार गरिएको छ ।
- ९०% भन्दा बढी बालबालिकाहरुलाई पुर्ण नियमित खोप सेवा प्रदान गरिएको छ ।
- ३ वटा नयाँ सहकारी दर्ता गरिएको छ ।
- चालु आ.व. मा ६२ वटा घर नक्सा पासभई हाल सम्म जम्मा कुल २८० वटा नक्सा पास भएको छ ।
- नमुना विधालय पब्लिक मा.वि.मा ९ कोठे भवन निर्माण सम्पन्न भएको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम  मार्फत ६८० मिटर नयाँ ट्रयाक खोल्ने कार्य, सरसफाई, धारामर्मत, खानेपानी पाइपलाइन विस्तार, रंगरोगन गरिएको छ ।
- ८६ जना गरिबीको रेखा मुनि रहेका परिवारका सदस्यहरुलाई गाई,बाख्रा,बंगुरपालन र सिलाईकटाई तालिम दिई जीविकोपार्जनका लागि प्राविधि हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ ।
- २८२ जनालाई अपाङ्गता परिचयपत्र वितरण, अपाङ्गता भएका व्यक्तिलाई कम्बल, ह्वील चेयर, हियरिङ एड, बैशाखी, कृत्रिम हातखुट्टा वितरण गरिएको छ ।
- न्यायिक समितिमा ८७ वटा उजुरी परेकोमा ५६ वटा फछ्र्यौट भई २१ वटा फछ्र्यौटको प्रकिया मा रहेको र ४ जनालाई गहुँवाली क्षतिको क्षतिपूर्ति  उपलब्ध गराईएको छ ।

- रंगेली अस्पतालमा फोहोर व्यवस्थापनका लागि आधुनिक उपकरण जडित फोहोर व्यवस्थापन प्रणाली निर्माण कार्य सम्पन्न हुने अवस्थामा पुगेको छ ।
- कोभिड बाट रोजगारी गुमाएका विपन्न ९६४ परिवार लाई रु.१०००० का दरले रकम वितरण गरिएको छ ।

**आदरणीय सदस्य ज्यूहरु,**

म अब रंगेली नगरपालिकाले आ.ब.२०७९/०८० मा लिएका मुख्य नीति तथा कार्यक्रमहरु यस सम्मानित सभा समक्ष राख्न चाहन्छु ।

**१. आर्थिक विकास सम्बन्धि नीतिहरुः**

१.१ नगरको सवै क्षेत्रमा यस भन्दा अगाडि लगाइएको करको दर र दायरालाई संशोधन गरेर व्यवस्थित गर्दै लैजाने नीति लिइनेछ।कारोबार गर्ने सबैलाई करको दायरामा ल्याइनेछ।

१.२ सबै करका शीर्षकहरुलाई व्यवस्थित वनाई अनलाइन प्रणालिको माध्यमबाट कर संकलन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१.३ व्यवसाय करलाई व्यवस्थित गर्न र नीजि क्षेत्रको सहभागीतालाई अझ प्रभावकारी बनाई व्यवसायको कारोवार एवम् पूँजीको आधारमा व्यबसाय वर्गीकरण गर्ने नीति अवलम्बन गरिने छ ।

१.४ नगरपालिकामा सबै भन्दा बढी कर तिर्ने करदातालाई एवम् रोजगारी सृजना गर्ने तथा नगरलाई आर्थिकरुपमा आत्मनिर्भरता तर्फ लैजाने व्यवसायी/उद्योगीलाई सम्मान गर्ने कार्यक्रमको शुरुवात गरिनेछ

१.५ नगर क्षेत्र भित्र रहेको प्राकृतिक श्रोतहरुको समुचित प्रयोग गर्ने तर्फ जोड दिइनेछ ।

**२. वित्तीय व्यवस्थापन सम्बन्धी नीतिहरुः**

२.१ खर्च गर्ने अख्तियारी र खर्चको कार्यविधि स्थानीय सरकार संचालन ऐन २०७४ एवम् प्रचलित आर्थिक ऐन, नियम वमोजिम गर्ने व्यवस्था मिलाईनेछ ।

२.२. योजना तथा कार्यक्रम संचालन गर्दा, सेवा वा सामाग्री खरिद गर्दा सार्वजनिक खरिद ऐन, नियमावली, आर्थिक कार्यविधि तथा प्रचलित कानुन अनुसार गरिनेछ ।

२.३. नगरपालिकाको बेरुजु फछ्र्यौट असुल उपर गर्ने कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।

२.४. पूर्वाधार निर्माण, खरिद कार्य तथा आय संकलनका क्षेत्रमा आव्हान गरिने बोलपत्रलाई अधिकतम रुपमा प्रतिष्पर्धा गराउन ई-बिडिङ्ग पद्धति अवलम्बन गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

२.५ संघ तथा प्रदेश वा कुनै निकायबाट साझेदारीमा आयोजना वा कार्यक्रम गर्नुपर्ने भएमा नगरपालिकाले समपुरक कोषबाट साझेदारी गरी आयोजना वा कार्यक्रम सञ्चालन गरिनेछ

## ३. विषयगत क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरुः

### क. कृषि तथा पशुपंछी प्रवर्धन

- शसर्त अनुदानमा तोकी आएका कार्यक्रमहरुलाई नगरपालिकाले व्यवस्थित ढङ्गले कार्यान्वयन गर्ने नीति अवलम्बन गरिनेछ ।
- खेतियोग्य जमिनमा साना सिँचाई तथा भुमिगत सिचाई व्यवस्था गर्न कार्यक्रम संचालन गरिनेछ
- मौसमी बेमौसमी कृषिजन्य उत्पादनलाई सुरक्षित भण्डारण व्यवस्था सहितको आधुनिक कृषि बजार केन्द्र स्थापनाका लागि संघीय तथा प्रदेश सरकारबाट प्राप्त रकम र नगरको लागत सहभागितामा निर्माण भइरहेको कोल्ड स्टोर सम्पन्न गरिनेछ।
- कृषक, कृषक समूह तथा सहकारी मार्फत कृषकहरुलाई अनुदान तथा साझेदारीमा उन्नत बीउ, बीजन, कृषि औजार, घाँसको बीउ आदि वितरण गरिनेछ र वेमौसमी तरकारी खेतीलाई प्रवर्धन गर्ने नीति लिइनेछ ।
- कृत्रिम गर्भाधान, पशुपंक्षी उपचार कार्यक्रमलाई प्रोत्साहन गरिनेछ ।यसका लागि उन्नत नश्लको प्रयोगलाई बढावा दिइनेछ ।
- पशुपंक्षीमा हुने माहामारी रोग नियन्त्रण गर्न प्रदेश सरकार र संघीय सरकारबाट प्राप्त सहयोगमा नपाबाट थप बजेट विनियोजन गरी पशुपंछी खोप कार्यक्रम संचालन गरिनेछ ।
- कुकुरको बन्ध्याकरण गरी सडकमा छाडा कुकुरको व्यवस्थापन गरिनेछ।
- कृषि सिंचाईको लागि प्रदेश सरकार र संघीय सरकारमा विद्धुतीकरणको लागि पहल गरिनेछ ।
- सशर्त तर्फ रहेको धान र मकै उत्पादन प्रवर्द्धन कार्यक्रम (पकेट) विकासका लागि कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- कृषक सूचीकरण र वर्गीकरण गरी वास्तविक विपन्न, सीमान्तकृत कृषकको पहिचान र वर्गीकरण गरी अनुदान दिने नीति लिइनेछ ।

- सिंचाई प्रणालीलाई सुदृढ, सरल र सुविधा युक्त बनाउन कृषि योग्य जमिनको विद्युतको पोल र तार विस्तारको नीति लिइनेछ ।
- कृषकहरुले आफ्नो उत्पादनको उचित मुल्य पाउन् भन्ने उद्देश्यले निर्माणाधिन कृषि बजारको निर्माण सम्पन्न गरी संचालन गरिनेछ ।

## ख. सहकारी विकास

- ✓ सहकारी संस्थाको दर्ता अनुमति तथा निरन्तर अनुगमन नियमन गर्ने कार्यलाई व्यबस्थित गरिनेछ
- ✓ कार्य क्षेत्र भित्र पर्ने सहकारीहरुको अनुगमन गर्ने तालीम सञ्चालन गर्ने तथा सहकारीकर्मी बिच अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिनेछ ।
- ✓ सहकारीका विवरण तथा गतिविधीहरु अनलाइन प्रणाली (कोपोमिस) मार्फत व्यवस्थित गर्ने कार्य शुरु गरिनेछ ।
- ✓ सहकारी मार्फत कृषि मल किसान समक्ष पुर्याउन सम्बन्धित निकायसँग समन्वय गरिनेछ।
- ✓ सहकारीलाई व्यवस्थित गर्दै सहकारीको अनुगमन तथा मर्जर सम्बन्धी नीतिलाई अघि बढाइनेछ । सहकारी मार्फत खेती गर्ने प्रणालीलाई प्रवर्धन गरिनेछ ।
- ✓ सहकारीलाई सक्षम पारदर्शी र जिम्मेवार बनाउने विभिन्न तहमा तालिमको व्यवस्था गरिनेछ ।

## ग. रोजगार प्रवर्द्धन तथा गरिवी न्यूनीकरण

- ❖ गरिवी निवारणको लागि संघीय एवम प्रदेश सरकारसँग आवश्यक समन्वय गरी मेड्पा लगायत विभिन्न कार्यक्रमहरु मार्फत लघु उद्यमी सृजना गरिनेछ ।
- ❖ लघु उद्यमीहरुलाई तालिम दिई सामाग्री वितरण गर्दै आत्मनिर्भर र व्यवसायिक बनाइनेछ।
- ❖ उद्यमी र  स्वरोजगार बन्न चाहनेलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- ❖ प्रधानमन्त्री रोजगार कार्यक्रमलाई आय आर्जन र दिगो निर्माण आयोजना सँग जोड्न आवश्यक साझेदारी गरिनेछ ।
- ❖ कोभिड–१९ का कारण रोजगारी गुमाएका र वैदशिक रोजगारबाट फर्किएका युवालाई लक्षित गरी विभिन्न सीपमुलक तालिम संचालन गरी स्वरोजगार बन्न प्रेरित गरिनेछ ।

**सम्मानित सदस्य ज्यूहरु ,**

अव म सामाजिक विकास सम्बन्धि नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## ४. सामाजिक विकास नीतिहरुः

### क. शिक्षा, युवा तथा खेलकुद

- विद्यार्थी संख्या र भौगोलिक दूरीका आधारमा विद्यालय तथा शिक्षक दरबन्दी समायोजन गर्ने नीति लिइने छ ।
- सुस्त श्रवण भएका बालबालिकाको लागि छुट्टै छात्रावास सहितको अवासीय विद्यालय स्थापना गरिनेछ ।
- बाल बिकास तथा सामुदायिक विद्यालयमा रहेका बाल बिकास केन्द्रमा बिद्यार्थीहरुको उपस्थिति नियमित गर्न नगरक्षेत्रका सबै बिद्यालयहरुमा खेलकुद सामाग्री वितरण गरिने छ ।खेलकुद प्रशिक्षकबाट समय तालीका बनाई खेलकुद प्रशिक्षण गराइनेछ।
- प्राविधिक विद्यालयलाई उचित सहयोग र अनुदानको व्यवस्था गरिने छ ।
- पठनपाठनमा संलग्न बालविकास केन्द्रका सहयोगी कार्यकर्ताहरुलाई प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिईने छ।
- सरोकारवालाहरुलाई विद्यालय प्रति अपनत्व जगाउन र आर्थिक पारदर्शिता कायम गराउन विद्यालयको बार्षिक रुपमा आयव्यय सार्वजनिक गर्न आवश्यक प्रक्रिया अगाडी बढाईनेछ। नगरपालिकाबाट विद्यालयका आन्तरिक लेखा परिक्षणको शुरुवात गरिनेछ ।
- उत्कृष्ट नतिजा ल्याउने बिद्यार्थीहरुलाई पुरस्कृत/सम्मानित गर्ने कार्य गरिनेछ ।
- सम्पूर्ण विद्यालयलाई लैंगिक मैत्रि, बालमैत्रि, प्रविधिमैत्रि र अपाङ्गतामैत्री शैक्षिक तथा भौतिक पहुँचयुक्त वातावरण बनाउन आवश्यक सहकार्य गरिनेछ।सामुदायिक बिद्यालयहरुमा किशोरीहरुलाई स्यानेटरी प्याडको निःशुल्क वितरणको व्यवस्था मिलाइएको छ ।
- विद्यालयमा विद्युतीय हाजिरी तथा शिक्षक र विद्यार्थीहरुको लगबुक राख्ने व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।
- शिक्षकलाई समेत गुणस्तर यौन हिंसा र सकारात्मक सोच विकासको तालिम दिइनेछ ।
- नगरभित्रका प्रत्येक सामुदायिक बिद्यालयहरुका कक्षा ६ सम्म अध्ययनरत विद्यार्थीहरुका लागि दिवा पोषण आहार खाजा कार्यक्रम सञ्चालन गरिनेछ ।
- राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन गरी बालबालिकाको खेल प्रतिष्पर्धाको वातावरण निर्माण गरिनेछ।अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न विद्यालयमा अनुदानको व्यवस्था मिलाइनेछ
- रंगेली कप फुटवल प्रतियोगिता मार्फत खेलकुद अनुशासन र स्वास्थ्यको प्रबर्धन गरिनेछ।

- विद्यालयमा स्वच्छ खानेपानीको व्यस्था गर्न पानी जाँच तथा खानेपानी प्रणालीको सुधारको लागि आर्सेनिक र पिउन योग्य भए नभएको गुणस्तर जाँच गरिनेछ ।
- आधुनिक अन्तर्राष्ट्रिय परिवेशमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति निर्माण गर्न जगै देखि शैक्षिक स्तर वृद्धि गर्न र विद्यार्थीले कक्षा छाड्ने प्रवृति रोक्न, आवश्यक उपाय अपनाउँदै अंग्रेजी माध्यमबाट पढाउन शुरु गरिनेछ ।
- लागु औषधको बढ्दो समस्यालाई निराकरण गर्न र साइबर क्राइम रोक्न सामुदायिक तथा संस्थागत (नीजि) माध्यमिक विद्यालयका किशोर किशोरीहरुलाई लागु औषध दुर्व्यसनी र साइवर अपराध नियन्त्रणका लागि अभिमुखीकरण कार्यक्रम गरिनेछ ।
- स्थानीय तहको अधिकार क्षेत्र भित्र रहेको कक्षा ५ सम्म स्थानीय विषयको पाठ्यक्रम निर्माण गरि लागु गरिनेछ । जसमा प्रदेश नं. १ मोरङ जिल्ला र रंगेली नगरपालिकाको पहिचान र विशेषता झल्किने विषयवस्तु समावेश गरिनेछ ।
- खेलकुदलाई स्वास्थ्य र अनुशासनको लागि महत्वपूर्ण अव्यय मान्दै रंगेली नगरपालिकामा संघिय र प्रदेश सरकारको सहकार्यमा आधुनिक सुविधा सम्पन्न रंगशाला निर्माण गर्नुका साथै खेलकुद गतिविधिलाई बढावा दिइनेछ ।
- प्रत्येक वडाका मुख्य चौकहरुमा खुला व्यायामशाला स्थापनाको नीतिलाई निरन्तरता दिइनेछ ।
- विद्यालयको भौतिक विकास तथा शैक्षिक गुणस्तर सुधारमा विशेष ध्यान दिइ विद्यालयको कक्षा अभावको अवस्था अन्त्य गरिनेछ ।
- शिक्षक, विद्यार्थी र अभिभावकहरुलाई विद्यार्थीको शैक्षिक स्तर अभिवृद्धिमा जिम्मेवार बनाउन शिक्षकलाई तालिम प्रदान गरिनेछ र विद्यार्थीलाई जागरुक बनाउन बाल क्लब गठन गरिनेछ ।

## ख. स्वास्थ्य सेवा

- निःशुल्क औषधी, उपकरण र स्वास्थ्य सामाग्रीको निरन्तर आपूर्ति र उपयोगलाई सुनिश्चित गरिने छ ।
- नियमित गर्भ जाँच गराउने गर्भवती सुत्केरीहरुको लागि स्वास्थ्य संस्थाहरुबाट निःशुल्क आइरन चक्की तथा क्याल्सियमको वितरण गरिनेछ ।
- रंगेली अस्पतालमा बिमा कार्यक्रम मार्फत सुलभ र स्तरीय उपचारको व्यवस्था मिलाइनेछ।

- अति बिपन्न वर्गका ब्यक्तिहरुलाई नगरपालिकाको तर्फबाट निशुल्क स्वास्थ्य बीमा गर्ने कार्यक्रम ल्याइनेछ।
- निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्था, क्लिनिक एवम् औषधी पसलहरुको कानून बमोजिम निरन्तर अनुगमन गरिनेछ ।
- रगतको आवश्यकता परेमा आवश्यक रगत व्यबस्थापनको लागि अस्पतालमा रहेको ब्लड बैंकलाई गरिदै आएको सहयोगलाई निरन्तरता दिइनेछ ।
- प्रजनन स्वास्थ्य पाठेघर झर्ने, पाठेघर तथा स्तन क्यानसर लगायत समस्याहरुको विषेशज्ञ डाक्टरद्वारा पहिचान र निःशुल्क औषधी उपचारको व्यवस्थापन गरिनेछ ।
- नगरमा सञ्चालनमा रहेको आयूर्वेद केन्द्रलाई औषधीको आपूर्तिको व्यवस्था मिलाइनेछ ।
- बालबालिकाको लागि पोषण कार्यक्रम सञ्चालन गरिनेछ ।
- बर्थिङ सेन्टर, स्वास्थ्य चौकी, शहरी स्वास्थ्य केन्द्र तथा आधारभुत स्वास्थ्य केन्द्रको सञ्चालन तथा सुदृढीकरण कार्य गरिनेछ ।
- रंगेली अस्पतालको फोहोरको बैज्ञानिक व्यवस्थापन गर्ने कार्य शुरुवात गरिनेछ।
- प्रत्येक विद्यालय समक्ष स्वास्थ्यको पहुँच पुर्याई विद्यार्थी तथा शिक्षकको स्वास्थ्य प्रवर्धन गर्न विद्यालय स्वास्थ्य कार्यक्रमको शुरुवात गरिनेछ ।
- रंगेली अस्पतालमा मृगौला रोगीहरुको लागि निशुल्क डायलासिस सेवा शुरु गरिनेछ ।
- रंगेली न.पा. भित्र निजी क्षेत्रको सहकार्यमा शल्यक्रिया सहितको आँखा अस्पताल स्थापनामा पहल गरिनेछ ।
- रंगेली अस्पतालको इमरजेन्सी सेवामा २४ सै घण्टा डाक्टर खटिने व्यवस्था गरिनेछ ।

## ग. ज्येष्ठ नागरिक अपाङ्ग तथा महिला बालबालिका

- वडामा बाल क्लब सञ्जाल गठन गरिनेछ ।
- अपाङ्ग तथा महिला बालबालिकाका लागि क्षमता विकास र नेतृत्व विकासको कार्यक्रम गरिनेछ
- अपाङ्गता भएका व्यक्तिहरुलाई स्वास्थ्य अवस्था चेकजाँच,परामर्श प्रदान गर्ने तथा करुणा फाउण्डेसन र सामाजिक विकास मन्त्रालयको समन्वयमा सहयोगी सामाग्रि वितरण गरिनेछ।
- जेष्ठ नागरिकको सुरक्षा र सम्मानजनक जीवनयापन गर्ने अवस्था सृजना गर्न जेष्ठ नागरिक मिलन केन्द्र तथा क्रमशः आवास सहितको वृद्धाश्रम स्थापना गरिनेछ ।
- मानव बेचविखन लैगिंक हिंसा, बाल विवाह, बलात्कार, वाल श्रम प्रयोजन जस्ता समस्या निराकरणका लागि अभियान चलाइनेछ ।

- हिंसा पीडीत महिला तथा बालबालिकालाई सुरक्षाको प्रत्याभुति दिन र उनीहरुको पीडा सम्बोधन गर्न मनोविमर्श केन्द्र सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिक प्रति सम्मान भाव व्यक्त गर्दै उनीहरुको स्वास्थ्यमा सुधार ल्याई जीवनयापन सहज बनाउन ९० वर्ष माथिका जेष्ठ नागरिकलाई घरदैलो स्वास्थ्य सेवा र सम्मान कार्यक्रम अघि बढाइने छ ।

**घ. लक्षित वर्ग तथा सामाजिक सांस्कृतिक विकासतर्फ**

- उद्यमशीलता विकास गरी स्वरोजगार बनाउन उपमेयर उद्यमशीलता टेवा कार्यक्रम गरिनेछ।
- लक्षित बर्गका युवा युवती तथा महिलाहरुलाई नेतृत्व विकास आत्मनिर्भर हुने किसिमका व्यवसायिक तालिम कार्यक्रम गरिनेछ।
- संघिय सरकारको सहयोगमा निर्माण भइरहेका दलितहरुको लागि सामुहिक आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- बालिकाहरुको पढाइमा प्रोत्साहन दिन २०७८ सालको पालिका स्तरीय कक्षा ८ को परीक्षामा उतीर्ण भएका सामुदायिक विद्यालयका छात्रहरुलाई साइकल प्रदान गरिनेछ ।
- परम्परागत पेशा प्रवर्धन गर्न परमपरागत पेशा व्यवसाय गर्ने वर्गलाई विशेष सहयोग नीति लिइनेछ ।
- प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गरी युवा र पिछिडिएको वर्गलाई राष्ट्र निर्माणमा योगदान दिन सक्ने बनाउन लोक सेवा आयोग र शिक्षा सेवा आयोगका तयारी कक्षामा सम्मिलित गराइने छ ।
- सबै जातिको धार्मिक सांस्कृतिक, पहिचान र भाषा संस्कृतिको पहिचान र संरक्षणको नीति लिइनेछ ।

**आदरणीय सदस्य ज्यूहरु,**

अव म यस सम्मानित नगरसभा समक्ष पूर्वाधार विकास सम्बन्धि नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## ५.पुर्वाधार विकास नीतिहरुः

### क. सडक, यातायात एवम् आवास

अनिवार्य रुपमा घर नक्सा पास गरी घर बनाउनुपर्ने नियमलाई जोड दिदैं अन्तिम एक पटकका लागि मात्र घर अभिलेखीकरणको अवसर दिइ भवन आचार संहिताको पालना हुने गरी सुरक्षित आवास नीति अवलम्वन गरिनेछ ।

- सडक तथा ढल, नदी तटबन्धन, खानेपानी र सिंचाई, पुल, कल्भर्ट क्षेत्रको योजना तर्जुमा गरिने छ ।
- आम नगरवासीको आवत जावतमा सहजता ल्याउन हरेक वडामा आवश्यकतानुसार बाटोहरुलाई स्तरोन्नती र मर्मत गर्ने नीति लिइने छ ।
- नगरपालिका भित्र रिङ्ग रोड निर्माणको कार्यलाई निरन्तरता दिइनेछ ।
- मुख्य बजार क्षेत्र तथा गाउँ टोलहरुमा सडक वत्ति जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- नगरका सबै नागरिकलाई खानेपानी सुविधा उपलब्ध गराउन सबै वडामा ओभरहेड ट्याङ्की निर्माण गर्ने कार्य शुरु गरिनेछ।
- सामुदायिक आवास र जनता आवास कार्यक्रमलाई निरन्तरता दिदैं थप सामुहिक आवासको लागि पहल गरिनेछ ।
- बबिया, रञ्जनी, दोहमना तथा रंगेली बजारमा व्यवस्थित हाट बजार निर्माण गर्ने कार्य सम्पन्न गरिनेछ।
- नगरमा हुने सामाजिक सांस्कृतिक कार्यक्रम गर्न सभाहल नभएकोले चालु आ.व. मा निर्माणाधिन २१६ सिट क्षमताको सभाहल निर्माण पुरा गरी संचालन गरिनेछ ।
- भवन आचार संहिताको परिपालना गर्दै वलियो र सुरक्षित घर निर्माण गर्न डकर्मीलाई विशेष तालिमको व्यवस्था गरिनेछ ।
- नगर भित्रका करिब ४० किलोमिटर सडक संजाललाई ३ वर्ष भित्र कालोपत्रे गरिसक्ने गरी वहुवर्षीय आयोजना संचालन गरिनेछ ।

- सडक डिभिजन कार्यालय विराटनगरबाट रंगेली र कानेपोखरी जोड्ने गेउरिया खोलामा पुल निर्माणको ठेक्का आव्हान भई छैठौ वर्षसम्म पनि सम्पन्न हुन नसक्दा दुर्घटना साथै मानविय क्षति समेत बढेकाले उक्त पुलको अधुरो कार्य दुईवटा पालिकाको साझेदारीमा सम्पन्न गरिनेछ ।

- दुर्गा मन्दिर अगाडि रहेका पुराना सटरहरु नियमानुसार हटाई सो स्थानमा पार्क निर्माणको कार्य अघि बढाउने छ।

### ख. पर्यटन

- पर्यटकिय क्षेत्र पहिचान र प्रबर्धनको नीति लिइनेछ।मलङथान सिमसार क्षेत्रको प्रवर्धन गरी पोखरी निर्माण गर्न पहल गरिनेछ ।
- नगरपालिका भित्र रहेका मठ, मन्दिर, मस्जिद, चर्च, गुम्बा जस्ता धार्मिक संस्थाहरुको उचित संरक्षण र सम्बर्धन गर्नको लागि आबश्यक नीति लिईनेछ । काली मन्दिर र संसारीमाई स्थान मन्दिरको विशेष व्यवस्थापन गरिनेछ ।

### ग. शान्ति सुरक्षा

- नगरवासीहरुको शान्ती सुरक्षा एवम् अमनचयन कायम गर्न आवश्यक नीति अललम्बन गरिनेछ ।इलाका प्रहरी कार्यालय, सशस्त्र प्रहरी BOP लगायत सँग समन्वय र सहयोगको नीति लिइनेछ ।
- नगर प्रहरीको दक्षता, क्षमता र संगठनमा अभिबृद्धि गर्दै शान्ति सुरक्षा गर्ने कार्यमा परिचालन गरिनेछ ।
- सडक दुर्घटना, चोरी तथा दुर्घटना गराई फरार हुने जस्ता समस्या समाधान गर्न सडक सुरक्षा नीति अपनाई CCTV निगरानी बढाउँदै लगिनेछ । सडक पेटीमा व्यापार गर्ने प्रवृति नियन्त्रण गरिनेछ ।

## ६. वन, वातावरण, फोहोर मैला तथा विपद व्यवस्थापन नीतिहरुः

### क. वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन

- नगरको फोहर व्यस्थापनका लागि आवश्यक संख्यामा साधन र जनशक्तिको व्यवस्थापन गरिने छ ।
- आवश्यकता अनुसार विभिन्न संघ संस्थाको समन्वयमा नदी किनार, नदी उकास, सार्वजनिक खालि जग्गा, पाखा तथा सडक किनारमा वृक्षरोपणको व्यवस्था गरिने छ।व्यक्तिगत रुपमा समेत त्यस्ता स्थानहरुमा बृक्षरोपण गर्नेलाई प्रोत्साहन गर्दै निजी वनको प्रवर्धन गरिनेछ।
- फोहोरमैला व्यवस्थापनको लागि उपयुक्त स्थानमा ल्याण्डफिल साइटको व्यवस्था गरिनेछ।फोहोरमैलाको आधुनिक व्यवस्थापनको लागि अध्ययन कार्य अघि बढाइनेछ।
- वातावरण संरक्षण गर्दै शहरी क्षेत्रलाई समेत हरियाली र सौन्दर्यीकरण गर्न सडकको दायाँ बाँया डिभाइडर तथा अन्य स्थानमा वृक्षारोपण गरिनेछ ।

- प्लास्टिक जन्य फोहोरको मात्रा बढिरहेको सन्दर्भमा आवश्यक कानून बनाई क्रमशः प्लास्टिकको प्रयोग निषेध गरिनेछ ।

**ख. विपद् व्यवस्थापन,**

- रंगेली न.पा., सुनवर्षी न.पा., कानेपोखरी गा.पा. र धनपालथान गा.पा. लाई समेटी प्रदेश सरकार आन्तरिक मामिला मन्त्रालय तथा प्रदेश सहयोग कार्यक्रमको साझेदारीमा विपद व्यवस्थापनका अधिकांस सुविधा उपलब्ध हुने गरी एकीकृत विपद् व्यवस्थापन केन्द्र स्थापना गरिनेछ ।
- विपदबाट हुने क्षति न्यूनिकरणका लागि तत्काल राहत र उद्धारका कार्यमा जोड दिइनेछ।यस कार्यमा नगरप्रहरी, सहयोगी संस्था र सम्बन्धित निकायहरुको परिचालनमा जोड दिइनेछ ।
- विपद् व्यवस्थापनका लागि आवश्यक पर्ने सामाग्रीहरु खरीद गरी तयारी अवस्थामा राख्ने कार्य गरिनेछ ।
- दमकल, एम्बुलेन्स शव वाहन व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।
- विपद् प्रकोप व्यवस्थापनका लागि तयारी सामाग्री व्यवस्था गर्ने तथा जनशक्तिलाई तालिमको व्ववस्था गरिनेछ।
- विपद् व्यवस्थापन कोषमा आवश्यक रकम विनियोजन गरी आपतकालीन कार्यक्रमहरु गरिनेछ।

**७. सुशासन तथा संस्थागत विकास**

- ✓ नगरपालिकाका बिषयगत शाखाका कार्यहरुलाई अझ व्यवस्थित गर्न चाहिने ऐन कार्यविधी निर्देशिका बनाउने तथा भएका कानुनहरुलाई परिमार्जन गर्दै लैजाने नीति लिइनेछ।
- ✓ निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरुको आचरण र व्यवहारलाई मर्यादित बनाउन आचारसंहिताको पुर्णरुपमा पालना गरिनेछ ।नगरपालिकाका कार्यालयहरु र वडा कार्यालयहरु सबै ठाउँमा नागरिक वडापत्र राखिनेछ ।
- ✓ नगरपालिका कार्यालय र प्रत्येक वडा कार्यालयमा गुनासो पुस्तिका तथा उजुरी पेटिका निर्माण गरी जनताको जिज्ञासा र गुनासो सुनुवाई गरिनेछ ।
- ✓ ओ एण्ड एम गरी आवश्यकता र दरवन्दी अनुसारको कर्मचारी व्यवस्थापन गरिनेछ ।
- ✓ गुनासो व्यवस्थापनका लागि गुनासो सुन्ने अधिकारी तथा सूचना व्यवस्थापनका लागि सूचना अधिकारीको कार्यलाई अझ व्यवस्थित र प्रभावकारी बनाईने छ ।
- ✓ दैनिक प्रशासनलाई प्रभावकारी रुपले संचालन गर्न आवश्यक सवारी साधन खरिद गरिने छ ।

- ✓ नगरपालिका र मातहतका कार्यालयको भौतिक सम्पत्तिको उचित व्यवस्थापन गर्दै पूराना र मर्मत गर्न नसकिने वा बढी खर्च लाग्ने असान्दर्भिक सामाग्रीहरुको लिलाम विक्री गर्ने नीति लिइने छ।
- ✓ भ्रष्टचार र अनियमित कार्यलाई कडाईका साथ नियन्त्रण गर्दै पारदर्शिता र जवाफदेहि प्रणालीलाई सुढृढ तुल्याइनेछ ।
- ✓ वडाको सूचना प्रवाहको लागि प्रति वडा न्यूनतम तीन स्थानमा जनताको पहुँच पुग्ने गरी सूचना पाटी निर्माण गरिनेछ।
- ✓ कर्मचारी कल्याण कोषलाई थप गर्ने तथा कार्य प्रकृति र बोझका आधारमा कर्मचारीलाई प्रोत्साहन सेवा सुविधा दिइ सेवा प्रवाह एवम् आन्तरिक कार्य सहज व्यवस्थित बनाइनेछ।
- ✓ सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणको कार्यक्रम गरिनेछ।नगरपालिकाका कार्यक्रमहरुको त्रैमासिक समिक्षा गर्ने तथा स्वतः प्रकाशनको कार्य गरिनेछ।
- ✓ आवश्यकता अनुसार कर्मचारीहरु तथा जनप्रतिनिधीहरुको लागि क्षमता विकास लगायत अन्य तालिमहरु सञ्चालन गरिनेछ।सुशासन र अन्य स्थानको सेवा प्रवाह अवलोकनको लागि अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाइनेछ।

## ८. न्यायिक समिति

- ▪ गरिव असहाय तथा पछाडि पारिएका व्यक्तिहरुको लागि निःशुल्क कानुनी परामर्श तथा सहयोग उपलब्ध गराईने छ ।
- ▪ न्यायिक समितिलाई थप क्रियाशिल बनाई प्रभावकारी बनाउने नीति अवलम्बन गरिनेछ ।
- ▪ न्यायीक समितिबाट निर्णय/मेलमिलाप भएका विवादहरुको कार्यान्वयन कडाईका साथ कार्यान्वयन गर्न आवश्यक कानुन निर्माण गरि लागु गरिनेछ ।
- ▪ सामुदायिक मेलमिलापकर्ताको लागि पुनर्ताजगी तालिम, न्यायिक समितिलाई तालिम तथा प्रत्येक वडामा मनोविमर्श तालिम कार्यक्रम गरिनेछ।
- ▪ न्यायिक क्षेत्रमा अन्य पालिकाको अनुभव आदानप्रदानको लागि अन्तरपालिका न्याय सम्पादन सम्बन्धि अन्तर्क्रिया कार्यक्रम गरिनेछ।

## ९. विविध

- ❖ नगर भित्र वित्तिय कारोबार गर्ने बैंक वित्तिय संस्था सहकारिहरुलाई दर्ता नवीकरण गरी करको दायरामा ल्याउने कार्यलाइ निरन्तरता दिदै व्वस्थित गरिनेछ।
- ❖ नगर क्षेत्रका NGO/INGO लाई दर्ता /सूचीकृत गर्ने व्यवस्था गरिनेछ।
- ❖ व्यवसाय दर्ता/नवीकरणलाई व्यवस्थित गर्दै लैजाने व्यवस्था गरिनेछ।बजार अनुगमनको कार्यलाइ शुरु गरी उपभोक्ता हितको कार्यलाई प्रभावकारी बनाइनेछ।
- ❖ सिफारीस तथा दस्तुरमा निगरानी गरी राजश्वमा हुनसक्ने चुहावटमा कडाई गरिनेछ ।

- ❖ जोखिम क्षेत्रमा कार्यरत इलेक्ट्रिसियन, दमकलका कर्मचारी, ड्राइभर लगायत कर्मचारीका लागि सामुहिक दुर्घटना बीमा कार्यक्रम ल्याइनेछ।
- ❖ प्रदेश सरकार, रंगेली नगरपालिका र करुणा फाउण्डेसनको साझेदारीमा सञ्चालनमा रहेको अपाङ्ग रोकथाम तथा पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- ❖ लगत संकलन इकाईको सुदृढीकरण गरी नेपाल सरकारसँगको समन्वयमा भूमिहिन दलित र भूमिहिन सुकुम्बासीलाई जग्गा वितरण गर्ने कार्यका लागि संकलन भएका लगतलाई प्रविष्टि गर्ने र अन्य आवश्यक कार्य तीव्रताका साथ अघि बढाइनेछ।
- ❖ राष्ट्रिय भुउपयोग ऐन, २०७६ र नियमावली २०७९ बमोजिम भुमिको वर्गिकरण गरी आवासिय कृषि, औद्योगिक लगायतमा वर्गिकरण गरी भुमिको अनावश्यक प्लटिङ्ग रोक्ने र भुमिको वैज्ञानिक उपयोगमा विशेष ध्यान दिइनेछ ।
- ❖ उपभोक्ताको आधिकार र स्वास्थ्यलाई ख्याल गर्दै बजार अनुगमनको कार्य प्रभावकारी बनाइनेछ ।

**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

लोकतन्त्रिक विधि र पद्धतिहरुबाट निर्माण गरेका नीति तथा कार्यक्रमहरुको प्रभावकारी र व्यबस्थित कार्यान्वयन गर्न सवै पक्षहरुसँग सहकार्य, समन्वय तथा साझेदारीको अपरिहार्यता छ । त्यसैले यस सम्मानित नगरसभा मार्फत समृद्ध र पुरानो साख बोकेको रंगेलि नगर निर्माणमा सहयोगको लागि सम्पूर्ण सरकारी निकायहरु, नागरिक समाज, निजिक्षेत्र, राष्ट्रिय-अन्तर्राष्ट्रिय संघ/संस्थाहरु, गैर सरकारी संघ/संस्थाहरु, विभिन्न विकास साझेदारहरु एवम् अन्य सम्पुर्ण सरोकारहरुसँग हार्दिक अनुरोध गर्दछु ।

अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रमले यस नगरपालिकाको सर्वाङ्गीण विकासमा सकारात्मक र दिगो प्रभाव पार्ने विश्वास लिदैं आगामी आर्थिक वर्ष २०७९/०८० को लागि नीति तथा कार्यक्रमलाई यस गरिमामय सभामा आवश्यक छलफल तथा स्विकृतिको लागि पेश गरेको छु

चालु आ.व. २०७८/०७९ को समिक्षा सहित आगामी आ.व. २०७९/०८० को प्रस्तावित नीति तथा कार्यक्रम तयार पार्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने उपप्रमुख ज्यू, प्रमुख प्रशाकीय  अधिकृत ज्यू, वडाध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, वडा सदस्य ज्यूहरु र सम्पूर्ण कर्मचारीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

दिलिप कुमार अग्रवाल

नगर प्रमुख, रंगेली नगरपालिका

संवत् २०७९ असार १० गते शुक्रबार